Nepali | नेपाली



# शरणार्थी र शरण खोज्नेहरूका लागि अर्ली स्टार्ट किन्डरगार्टेन

VICTORIA State Government | Department of Education

The Education State

## किन्डरगार्टेन (बाल सदन) किन महत्त्वपूर्ण छ?

किन्डरगार्टेनले बच्चाबच्चीहरूलाई विद्यालय र जीवनमा सफलता प्राप्त गर्नको लागि तयार गर्न मद्दत गर्दछ। किन्डरगार्टेनमा बच्चाबच्चीहरूले भाषा, संख्या र ढाँचाहरूका बारेमा सिक्नको लागि खेलको प्रयोग गर्छन्। तिनीहरूले अरूसँग कसरी मिलेर बस्ने, साझेदारी गर्ने, कुरा सुन्ने र आफ्ना भावनाहरूलाई व्यवस्थापन गर्ने भन्ने कुराहरू सिक्छन्। शिक्षकहरूले बच्चाबच्चीहरूलाई सिकाइका बारेमा जिज्ञासु, रचनात्मक र विश्वस्त बन्न मद्दत गर्छन्। अनुसन्धानले देखाउँछ कि दुई वर्षको किन्डरगार्टेन एक वर्षको भन्दा राम्रो हुन्छ।

## प्रारम्भिक किन्डरगार्टेन (अर्ली स्टार्ट किन्डरगार्टेन) भनेको के हो?

अर्ली स्टार्ट किन्डरगार्टेनले शरणार्थी वा शरण खोज्ने पृष्ठभूमिका 3 वर्षका बच्चाबच्चीहरूलाई प्रति हप्ता 15 घण्टा निःशुल्क वा कम लागतको किन्डरगार्टन प्रदान गर्दछ।

किन्डरगार्टेनद्वारा अर्ली स्टार्ट किन्डरगार्टेनका लागि आवेदन गरिन्छ। अर्ली स्टार्ट किन्डरगार्टेन अनुदान सिधै किन्डरगार्टेनलाई भुक्तान गरिन्छ।

## के मेरो बच्चा योग्य छ?

योग्य हुनको लागि तपाईंको बच्चाले किन्डरगार्टेन सुरु गर्ने वर्षको 30 अप्रिलसम्ममा 3 वर्षको उमेर हुनुपर्दछ र तपाईं वा तपाईंको बच्चा:

- → शरणार्थी वा मानवीय भिसा हुनुहुन्छ, वा
- → शरणार्थी वा मानवीय प्रवेशाज्ञाको लागि आवेदन गर्दै हुनुहुन्छ, वा
- → पहिले शरणार्थी वा मानवीय भिसा हुनुहुन्थ्यो, वा
- → बच्चाको हालको वा म्याद सकिएको ImmiCard छ।

यदि यी मध्ये कुनै पनि लागू हुँदैनन् तर तपाईं वा तपाईंको बच्चा शरणार्थी वा शरण खोज्ने व्यक्ति हुनुहुन्छ भने, वा यस्तै अनुभवहरू भएको थियो भने, तपाईंको बच्चा अझै पनि योग्य हुन सक्छ।

छुटको बारेमा सोध्नको लागि आफ्नो स्थानीय शिक्षा विभागको कार्यालयमा सम्पर्क गर्नुहोस्। तपाईंले तपाईंलाई सहयोग गर्ने कुनै पनि पेशेवरलाई तपाईंको लागि विभागमा सम्पर्क गर्नको लागि अनुरोध पनि गर्न सक्नुहुन्छ।

## प्रि-प्रेप (Pre-Prep) भनेको के हो?

भिक्टोरियामा चार वर्षे बच्चाहरू जाने किन्डर प्रि-प्रेप बन्दैछ। यसको मतलब बच्चाबच्चीहरूले विद्यालय सुरु गर्नु अघिको वर्षमा खेलको माध्यमबाट सिक्न र घुलमिल हुन अझ बढी समयको पहुँच पाउनेछन्। प्रि-प्रेप स्वतन्त्र (सत्रगत) किन्डरगार्टेन र लामो दिनको हेरचाह केन्द्रहरू मार्फत उपलब्ध गराइनेछ।

प्रि-प्रेपको भागको रूपमा, तपाईं भिक्टोरियामा जहाँ सुकै बस्ने भए पनि, शरणार्थी वा शरण खोज्ने पृष्ठभूमिका बच्चाबच्चीहरूका लागि निःशुल्क किन्डर समय बढ्दैछ। तपाईंले आफ्नो किन्डरगार्टेन सेवालाई प्रि-प्रेपको बारेमा सोध्न सक्नुहुन्छ र साथै उनीहरूले कति घण्टा प्रस्ताव गरिरहेका छन् र तपाईंको बच्चा कुन दिन उपस्थित हुन सक्छ भन्नेबारे बुझ्न सक्नुहुन्छ।

यदि तपाईंको बच्चा अर्ली स्टार्ट किन्डरगार्टेनमा भर्ना भइसकेको छ भने, तिनीहरू प्रि-प्रेपको लागि पनि योग्य छन्।

संसाधन तथा अनुवादहरू सहित प्रि-प्रेपको बारेमा थप जान्न, यहाँ हेर्नुहोस्: **vic.gov.au/pre-prep**

## मैले मेरो बच्चालाई कसरी भर्ना गर्ने?

तपाईंले आफू नजिकैको किन्डरगार्टेन सेवामा वा आफ्नो स्थानीय काउन्सिललाई सम्पर्क गरेर र अर्ली स्टार्ट किन्डरगार्टेन र प्रि-प्रेपमा पहुँच गर्नको लागि अनुरोध गरेर आफ्नो बच्चालाई भर्ना गर्न सक्नुहुन्छ।

यदि तपाईंलाई दोभाषे चाहिन्छ भने किन्डरगार्टेनलाई भन्नुहोस्, किनकि तिनीहरूले निःशुल्क टेलिफोन दोभाषे सेवाहरू प्रयोग गर्न सक्छन्।

यदि तपाईंलाई भर्ना हुन मद्दत चाहिन्छ भने, शिक्षा विभाग, वा तपाईंलाई सहयोग गर्ने कुनै पनि पेशेवरलाई सोध्नुहोस्, जस्तै:

- सहायता कार्यकर्ता
- द्विसांस्कृतिक कार्यकर्ता
- मातृ र बाल स्वास्थ्य नर्स
- समर्थित प्लेग्रुप सहजकर्ता
- सांस्कृतिक र भाषिक रूपमा विविध (CALD) सामुदायिक पहुँच कार्यकर्ता।

## के मेरो बच्चा प्रि-प्रेप/चार वर्ष उमेरको बच्चाको किन्डरगार्टेन जानुपर्छ?

पर्छ।  अर्ली स्टार्ट किन्डरगार्टेनल पछि, तपाईंको बच्चा निःशुल्क वा कम लागतको प्रि-प्रेपको लागि योग्य हुन्छ। यसले उनीहरूलाई आफ्ना क्षमताहरूलाई निरन्तर विकास गर्न मद्दत गर्नेछ र विद्यालयका लागि तयारी गर्न सहयोग पुर्‍याउनेछ। अर्ली स्टार्ट किन्डरगार्टेनको लागि योग्य वा पहुँच प्राप्त गरेका बालबालिकाहरू प्रति हप्ता 15 घण्टा भन्दा बढीको लागि निःशुल्क वा कम लागतको प्रि-प्रेपको लागि पनि योग्य छन्।

तपाईंले आफ्नो सेवालाई प्रि-प्रेपको बारेमा उनीहरूले कति घण्टा प्रस्ताव गरिरहेका छन् र तपाईंको बच्चा कुन दिन उपस्थित हुन सक्छ भन्नेबारे सोध्न सक्नुहुन्छ।

तपाईंको बच्चाले स्थान पाओस् भन्ने सुनिश्चित गर्न सकेसम्म चाँडै प्रि-प्रेपमा भर्ना गराउने प्रयास गर्नुहोस्, किनकि तपाईंले रोज्नुभएको किन्डरगार्टनमा स्थान सुनिश्चित नहुन सक्छ।

प्रि-प्रेपको बारेमा थप यहाँ जान्नुहोस्: **vic.gov.au/pre-prep**

## अर्ली स्टार्ट किन्डरगार्टेनको बारेमा मैले थप जानकारी कहाँ पाउन सक्छु?

- तपाईंको मोबाईल, कम्प्युटर वा ल्यापटपबाट **vic.gov.au/education** मा जानुहोस् र **Early Start Kindergarten** खोज्नुहोस्, वा
- आफ्नो क्षेत्रीय शिक्षा विभागको कार्यालयमा फोन गर्नुहोस्।

## क्षेत्रीय कार्यालय सम्पर्कहरू

| क्षेत्र | स्थान |
|---|---|
| **North-Eastern Victoria**<br>**1300 333 231** | Benalla<br>Glen Waverley<br>Ringwood<br>Seymour<br>Shepparton<br>Wodonga |
| **North-Western Victoria**<br>**1300 338 691** | Bendigo<br>Coburg<br>Greensborough<br>Mildura<br>Swan Hill |
| **South-Eastern Victoria**<br>**1300 338 738** | Bentleigh East<br>Dandenong<br>Frankston<br>Leongatha<br>Moe<br>Sale<br>Warragul |
| **South-Western Victoria**<br>**1300 333 232** | Ballarat<br>Footscray<br>Geelong<br>Horsham<br>Keilor<br>Warrnambool |

तपाईंको भाषामा मद्दत प्राप्त गर्न:

- राष्ट्रिय अनुवाद र दोभाषे सेवा (National Translating and Interpreting Service) लाई **131 450** मा फोन गर्नुहोस्
- दोभाषेलाई तपाईंको क्षेत्रको नम्बरमा फोन गर्न भन्नुहोस् (माथि हेर्नुहोस्)
- दोभाषे फोनमा रहनेछ र अनुवाद गर्नेछ।

शिक्षा विभाग, मेलबर्नद्वारा नोभेम्बर 2025 मा प्रकाशित (संशोधित)
© भिक्टोरिया राज्य